NIC ASIA CAPITAL

idea to iPO
Connecting the dots...

**प्रेस विज्ञप्ति**
**फाल्गुण २६, २०८१**

# एन आई सी एशिया क्यापिटलले गैर-आवासीय नेपाली (NRNs) र नेपाल बाहिर बसोबास गर्ने नेपाली (NROs) लाई लक्षित गरी विशेष डायस्पोरा खाता संचालन तथा धितोपत्रको दोश्रो बजारमा सूचिकृत भएका तथा नभएका कम्पनीहरुको संस्थापक शेयर खरिद बिक्री गर्न सहज गराउन "Offer for Sale-OFS" Platform संचालनमा ल्याएको छ ।

एन आई सी एशिया क्यापिटलले विगत लामो समयदेखि आफ्नो मर्चेण्ट बैंकिङ्ग सेवा अन्तर्गत विभिन्न कम्पनीहरुलाई संस्थागत परामर्श सेवा प्रदान गर्दै आइरहेको छ ।

सोहि सेवालाई थप परिस्कृत गर्ने क्रममा एन आई सी एशिया क्यापिटलले "One-Stop Solution" सेवा उपलब्ध गराउने मुख्य उद्देश्यका साथ डायस्पोरा खाता सेवा संचालनमा ल्याएको छ । यस सेवा गैर-आवासीय नेपाली (NRNs) तथा नेपाल बाहिर बसेर गरी नेपालमा आफ्नो व्यवसाय स्थापना वा विस्तार गर्न चाहने उद्यमी/लगानीकर्ताहरू व्यवसाय स्थापना वा विस्तार गर्ने क्रममा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु यस एन आई सी एशिया क्यापिटल मार्फत गर्न सकिने व्यवस्था मिलाएको छ । उक्त सेवाले लगानीकर्ताहरुलाई एकिकृत रुपमा वित्तीय, कानुनी र कम्पनी संचालनको क्रममा आवश्यकता अनुसारको सम्पूर्ण सहयोग गर्दछ ।

यो सेवा विषेश रुपमा नेपालमा आर्थिक वृद्धिलाई बढावा दिँदै गैर-आवासीय नेपालीहरू (NRNs) र नेपाल बाहिर बसोबास गर्ने नेपालीहरू (NROs) लगायत विश्वभर छरिएर बसोबास गरिरहेका नेपालीहरुलाई नेपालमा व्यापार व्यवसाय स्थापना तथा संचालन गर्नको लागि सहजिकरण गर्ने महत्वपूर्ण भुमिका निर्भाह गर्नु हो ।

**डायस्पोरा खाता सेवाको मुख्य विशेषताहरु :**

- **लन्च प्याड (स्टार्टअप आवश्यक):**
  कम्पनी दर्ता, कम्पनीको मूल्याङ्कन, कानुनी तथा अनुपालन र आवश्यक लगानी रकम संकलन गरिदिने ।
- **ग्रोथ क्याटालिस्ट (व्यवसाय विस्तार):**
  इक्विटी लगानी, इक्विटी/उद्यम पूँजी व्यवस्थापन, वित्तीय विश्लेषण र विदेशी प्रत्यक्ष लगानी (FDI) सम्बन्धमा परामर्श ।
- **क्यापिटल एज (बजार पहुँच):**
  निष्काशन तथा बिक्री प्रबन्धक, RTA/RTS सेवाहरू, पूँजी सङ्कलन र नियामक निकायले तोके बमोजिमको कार्यसम्पादन ।
- **इनसाइट३६० (परामर्श सेवा) :**
  वित्तीय विश्लेषण, कम्पनी मूल्याङ्कन, इक्विटी लगानी र व्यवसाय संचालनमा आवश्यक परामर्श ।

**परामर्श किन लिने :**

- डायस्पोरा सँग सम्बन्धित सम्पूर्ण विषयमा ‘‘One-Stop Solution" ।
- सम्बन्धित क्षेत्रमा लामो अनुभव भएका व्यक्तित्वहरु मार्फत सेवा उपलब्ध ।
- कम्पनी स्थापना वा विस्तार, IPO निष्काशन गर्ने देखि धितोपत्रको दोश्रो बजारमा सूचीकरण गरी शेयरधनी विवरण अद्यावधिक गरी राख्ने सम्मको कार्य एकिकृत रुपमा लिन सकिने ।

विदेशमा बस्ने कुनै पनि नेपालीले सोझै https://forms.office.com/r/NZwSY5pdSG/ यो लिङ्कमा क्लिक गरि फारम भरेर सुरु गर्न सकिनेछ । यस सम्बन्धमा थप जानकारी वा सोधपुछको लागि, क्यापिटलको सम्पर्क नम्बर ०१-५७०५९९४, ०१-५७०५६६७, ०१-५७०५६७३, ०१-५७०५३३७ –Ext (२२७) इमेल ठेगाना ideatoipo@nicasiacapital.com मा सोझै सम्पर्क गर्न सकिने छ ।

१ नेपाली एक DEMAT

मेरो लगानी, मेरो भविष्य

**धितोपत्रको दोश्रो बजारमा सूचिकृत भएका तथा नभएका कम्पनीहरुको संस्थापक शेयर खरिद बिक्री गर्न सहज गराउन "Offer for Sale-OFS" Platform संचालनमा ल्याएको छ ।**

एन आई सी एशिया क्यापिटलले विगत लामो समयदेखि आफ्नो मर्चेण्ट बैंकिङ्ग सेवा अन्तर्गत धितोपत्रको दोश्रो बजारमा सुचिकृत भएका तथा सूचिकृत नभएका कम्पनीहरुको संस्थापक शेयरधनीहरुको शेयर प्रचलित कानून बमोजिम खरिद बिक्री गराइदिने सम्बन्धी सेवा प्रदान गर्दै आइरहेको छ ।

सोही सेवालाई थप परिस्कृत गर्ने क्रममा नेपालमा सूचिकृत कम्पनीहरुको संस्थापक समूहको शेयर खरिद बिक्री गर्न निकैनै कानूनी प्रकृया पुरा गर्नुपर्ने देखिन्छ । त्यसै गरी सूचिकृत नभएका पब्लिक कम्पनीहरुको संस्थापक समूहको शेयर समेत कारोवार गर्न निकै झन्झटिलो प्रकृया रहेको र लगानीकर्ताहरुले चाहेको समयमा खरिदकर्ता तथा बिक्रीकर्ता नपाउँदा संस्थापक शेयरमा गरिएको लगानी फ्रिज भएर बसेको गुनासो लगानीकर्ताहरुबाट बारम्बार सुनिने गरेको हुँदा संस्थापक शेयर खरिद बिक्रीको लागि One Stop Solution उपलब्ध गराउने मुख्य उद्देश्यका साथ एन आई सी एशिया क्यापिटलले Offer for Sale (OFS) Platform संचालनमा ल्याएको छ ।

जस अन्तर्गत क्यापिटलले संस्थापक समूहको शेयर बिक्री तथा खरिद गर्न चाहने लगानीकर्ताहरुलाई अनलाईन मार्फत Common Platform बाट आफुले खरिद बिक्री गर्न खोजेको कम्पनीको विवरण रितपुर्वक क्यापिटलको वेभसाईट मार्फत उपलब्ध गराउनु पर्ने छ । उक्त विवरणको आधारमा क्यापिटलले सम्बन्धित कम्पनीको शेयर खरिदकर्ता वा बिक्रीकर्ता खोजि प्रचलित नियम कानुन अनुसार शेयर नामसारी सम्बन्धी आवश्यक प्रकृया अगाडी बढाउने छ ।

**Offer for Sale (OFS) Platform को विशेषता देहाय बमोजिम रहेका छन् ।**

- **सहज बिक्री प्रकृया :**
  संस्थापक समूहको शेयर बिक्री गर्न चाहने सम्बन्धित शेयरधनीहरुले क्यापिटलको वेभसाईटमा माग गरे बमोजिमको विवरण रितपुर्वक भरे पश्चात् उक्त विवरणको आधारमा सम्बन्धित कम्पनीको शेयर खरिदकर्ता खोजिदिने कार्य क्यापिटलले गर्ने छ ।
- **सहज खरिद प्रकृया :**
  कुनै पनि कम्पनीको संस्थापक समूहको शेयरमा लगानी गर्न चाहने लगानीकर्ताहरुलाई सोको विवरण उपलब्ध गराए पश्चात् क्यापिटलले उक्त कम्पनीको शेयर खोजि दिने कार्य गर्ने छ ।
- **सुरक्षित र गोपनियता कायम रहने ।**
  सम्बन्धित शेयर खरिदकर्ता तथा बिक्रीकर्ताको विवरण अति सुरक्षित तथा गोपनियता कायम हुने गरी प्राप्त विवरण सम्बन्धित अधिकारीले आवश्यक अध्ययन गरेर शेयर खरिद बिक्री सम्बन्धी आवश्यक प्रकृया अगाडी बढाउनेछ ।
- **सहज र सर्वसुलभ :**
  सम्बन्धित व्यक्ति तथा संस्थाहरुले आफुले खरिद बिक्री गर्न चाहेको सम्बन्धित कम्पनीको विवरण सहजै रुपमा स्वदेश तथा विदेशको जुन सुकै स्थानबाट पनि सहज र सर्वसुलभ रुपमा अनलाईन मार्फत विवरण उपलब्ध गराउन सक्नुहुने छ ।
- **खरिद बिक्री मूल्य निर्धारण गर्नको लागि Valuation Report उपलब्ध गराइने:**
  सम्बन्धित कम्पनीको Valuation गरेर संस्थापक समूहको शेयरको खरिद/बिक्री गर्नको लागि उचित प्रति शेयर खरिद बिक्री मूल्य निर्धारण गर्न सहयोग गर्ने ।

माथि उल्लेखित सेवा लिनको लागि क्यापिटलको वेभसाईत www.nicasiacapital.com वा सोझै OFS Platform - https://www.nicasiacapital.com/offer-for-sale मा क्लिक गरी कुन कम्पनीको संस्थापक समूहको शेयर खरिद वा बिक्री गर्न चाहेको हो सोको विवरण रितपुर्वक भरी आवेदन पेश गर्न सकिने छ । साथै उक्त सेवा लिन तथा सेवा सम्बन्धमा थप जानकारीको लागि क्यापिटलका प्रमुख मर्चेण्ट बैंकिङ्ग अधिकृत श्री दामोदर रायमाझीज्यूलाई मोवाईल नं.९८५११८४९७९ वा इमेल ठेगाना info@nicasiacapital.com मा सोझै सर्म्पक गर्न सकिने छ ।

Ramendra

रामेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

NIC ASIA CAPITAL

१ नेपाली एक DEMAT

मेरो लगानी, मेरो भविष्य